नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्या:-
च.नं.

# बिमस्टेक पर्यटन सम्बन्धी कार्य समुहको दोश्रो बैठक सम्बन्धी प्रेस विज्ञप्ति

नेपालले आयोजना गरेको Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation (बिमस्टेक) सदस्य राष्ट्रहरुको Second Meeting of the Working Group on Tourism २०८० माघ ४ गते (१८ जनवरी २०२४) काठमाडौंमा सम्पन्न भयो। उक्त बैठकको अध्यक्षता यस मन्त्रालयका सहसचिव श्री गोविन्द बहादुर कार्कीले गर्नु भएको थियो भने बैठकमा बिमस्टेकका सबै सदस्य राष्ट्रका पर्यटन मन्त्रालयसँग सम्बन्धित सरकारी प्रतिनिधिहरु र बिमस्टेक सचिवालयका प्रतिनिधिहरुको सहभागिता रहेको थियो। बिमस्टेकका राष्ट्र प्रमुखहरुको शिखर सम्मेलनले सहयोगका सात क्षेत्रहरु तय गरी सदस्य राष्ट्रहरुलाई ती क्षेत्रको नेतृत्त्व गर्न जिम्मेवारी प्रदान गरे अनुसार नेपालले People-to-People Contact क्षेत्रको नेतृत्त्व गरेको छ। People-to-People Contact अन्तर्गत पर्यटन उपक्षेत्रसँग सम्बन्धित कार्य संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको जिम्मेवारीमा रहेको छ।

उक्त बैठकमा बिमस्टेक सदस्य राष्ट्रहरुले बिमस्टेक क्षेत्रभित्र पर्यटनको विकासका लागि सहकार्य गर्ने विषयमा गहन छलफल भयो। नेपालले प्रस्ताव गरेको "बिमस्टेक पर्यटन विकास सम्बन्धी कार्ययोजना (BIMSTEC Plan of Action of Tourism Development)" मसौदा उपर बैठकमा गहन छलफल भई उक्त कार्ययोजनालाई अन्तिम रुप दिई स्वीकृतिको प्रक्रिया अगाडि बढाउन निकट भविष्यमा बस्ने पर्यटनसँग सम्बन्धित Senior Official Meeting मा पेश गर्ने निर्णय भयो। साथै, Working Group को बैठकमा पर्यटन सम्वद्ध विभिन्न संयन्त्रहरुको बैठकहरु नियमित रुपमा बस्ने गरी सदस्य राष्ट्रहरुले आ-आफ्नो तर्फबाट तयारी गर्ने निर्णय समेत भयो।

सो बैठकपूर्व २०८० माघ ३ गते (१७ जनवरी २०२४) Working Group को बैठकमा सहभागी हुने सदस्यहरुको उपस्थितिमा एशियाली विकास बैंकबाट तयार गरिएको Leveraging Thematic Circuits for BIMSTEC Tourism Development विषयक अध्ययन प्रतिवेदनमा उल्लेख भएका निष्कर्ष तथा सुझावहरू प्रस्तुत गर्न कार्यशाला आयोजना गरिएको थियो। उक्त कार्यशालामा पर्यटन विकासका लगि बुद्ध सर्किट, मन्दिर सर्किट, पर्यापर्यटन सर्किट लगायतको अवधारणा कार्यान्वयन गर्न सकिएमा बिमस्टेकका सदस्य राष्ट्रहरु लाभान्वित हुने विषयमाछलफल भयो।

विक्रम संवत्: २०८० माघ ४ गते बिहीबार
नेपाल संवत्: ११४४ पोहेलाथ्व, ८ बिहीबार

हेमराज तामाङ
हेमराज तामाङ
सहसचिव/प्रवक्ता